बैठक संख्या—

आज मिति २०८० असोज ०३ गते बुधवारका दिन जनकपुरधाम उप-महानगरपालिकाको नगर प्रमुख श्री मनोज कुमार साह सुडीज्यूको अध्यक्षतामा जनकपुरधाम उप-महानगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर कार्यपालिकाको कार्यालय, जनकपुरधाममा बस्यो । उक्त बैठकको उपस्थिति र निर्णयहरु देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनोज कुमार साह सुडी | नगर–प्रमुख | |
| २ | श्री किशोरी साह | नगर उप–प्रमुख | |
| ३ | श्री दिप नरायण यादव | वडाअध्यक्ष, वडा नं.१ | |
| ४ | श्री शिव कुमार साह | वडाअध्यक्ष, वडा नं.२ | |
| ५ | श्री दिपेन्द्र कुमार साह | वडाअध्यक्ष, वडा नं.३ | |
| ६ | श्री सुरेश झा | वडाअध्यक्ष, वडा नं.४ | |
| ७ | श्री वेचन साहु हलुवाई | वडाअध्यक्ष, वडा नं.५ | |
| ८ | श्री दिनेस प्रसाद साह | वडाअध्यक्ष, वडा नं.६ | |
| ९ | श्री निरज कुमार साह | वडाअध्यक्ष, वडा नं.७ | |
| १० | श्री दिनेश कुमार सिंह | वडाअध्यक्ष, वडा नं.८ | |
| ११ | श्री प्रमेश्वर साह | वडाअध्यक्ष, वडा नं.९ | |
| १२ | श्री मिथलेश कुमार कर्ण | वडाअध्यक्ष, वडा नं.१० | |
| १३ | श्रीमती शिला कुमारी देवी | वडाअध्यक्ष, वडा नं.११ | |
| १४ | श्री महेन्द्र साह तेली | वडाअध्यक्ष, वडा नं.१२ | |
| १५ | श्री जीत बहादुर राउत | वडाअध्यक्ष, वडा नं.१३ | |
| १६ | श्री पुण्य प्रताप यादव | वडाअध्यक्ष, वडा नं.१४ | |

| | | | |
|---|---|---|---|
| १७ | श्री सन्तोष कुमार साह | वडाअध्यक्ष, वडा नं.१५ | संतोष |
| १८ | श्री रामचन्द्र पजियार | वडाअध्यक्ष, वडा नं.१६ | |
| १९ | श्री रामवृक्ष यादव | वडाअध्यक्ष, वडा नं.१७ | |
| २० | श्री लक्ष्मेश्वर मण्डल केवट | वडाअध्यक्ष, वडा नं.१८ | |
| २१ | श्री विनोद कुमार साह | वडाअध्यक्ष, वडा नं.१९ | |
| २२ | श्री मोति राईन कवारी | वडाअध्यक्ष, वडा नं.२० | |
| २३ | श्री राज नारायण साह | वडाअध्यक्ष, वडा नं.२१ | |
| २४ | श्री विमलेश मिश्र | वडाअध्यक्ष, वडा नं.२२ | |
| २५ | श्री राघवेन्द्र प्रसाद साह | वडाअध्यक्ष, वडा नं.२३ | |
| २६ | श्री उपेन्द्र सहनी | वडाअध्यक्ष, वडा नं.२४ | |
| २७ | श्री चन्देश्वर साह | वडाअध्यक्ष, वडा नं.२५ | |
| २८ | श्रीमती शैल कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| २९ | श्रीमती शारदा पन्त | नगर कार्यपालिका सदस्य | शारदा पंत |
| ३० | श्रीमती मनिषा कुमारी देवी | नगर कार्यपालिका सदस्य | |
| ३१ | श्रीमती फुल कुमारी देवी | नगर कार्यपालिका सदस्य | फुल |
| ३२ | श्रीमती सन्जु देवी दास | नगर कार्यपालिका सदस्य | |
| ३३ | श्री राकेश विक्रम साह | नगर कार्यपालिका सदस्य | |
| ३४ | श्री दिपेन्द्र कुमार साह | नगर कार्यपालिका सदस्य | |
| ३५ | श्री सन्तोष महतो | नगर कार्यपालिका सदस्य | |
| ३६ | श्री सुमन कुमार कार्की | सचिव - प्र.प्र.अ. | |

<u>निर्णयहरु:</u>

१. सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू मिति २०८० साल आश्विन ८ गते सोमवार यस जनकपुरधाम उप-महानगरपालिका स्थित माता जानकी मन्दिरको दर्शन तथा पूजा अर्चना गर्न आउनु हुने कार्यक्रम रहेकोमा सो अवसरमा जनकपुरधाम उप-महानगरपालिका द्वारा सम्माननीय राष्ट्रपतिज्यूलाई नागरिक अभिनन्दन गर्ने कार्यक्रम तय भएकोले सो सम्बन्धी विभिन्न कार्यहरु सुव्यव्यवस्थित रुपमा गरी सम्माननीय राष्ट्रपतिज्यूको जनकपुरधाम उप-महानगरपालिकामा हुने भ्रमण र नागरिक अभिनन्दन कार्यक्रमलाई भव्य रुपमा सफल बनाउन यस जनकपुरधाम उप-महानगरपालिकाको नगर प्रमुख श्री मनोज कुमार साह सुडीज्यूको संयोजकत्वमा मिति २०८०।०६।०२ गते बसेको बैठकबाट मूल समारोह समिति गठन भएकोमा सो मूल समारोह समितिलाई आवश्यक सहयोग पुर्‍याउन देहाय बमोजिमको उपसमितिहरु गठन गर्ने निर्णय गरियो ।

(क) **प्रवेशाज्ञा (पास) वितरण व्यवस्थापन उपसमितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख श्री मनोज कुमार साह सुडी | - | संयोजक |
| प्र.जि.अ. श्री चक्रपाणी पाण्डे | - | सदस्य |
| वडा अध्यक्ष श्री परमेश्वर साह | - | सदस्य |
| प्र.प्र.अ. श्री सुमन कुमार कार्की | - | सदस्य सचिव |

(ख) **मञ्च, टेण्ट पण्डाल, स्वागत द्वार तथा सौन्दर्यीकरण व्यवस्थापन उपसमितिः**

| | | |
|---|---|---|
| उप-प्रमुख श्री किशोरी साह | - | संयोजक |
| वडा अध्यक्ष श्री जीत बहादुर राउत | - | सदस्य |
| वडा अध्यक्ष श्री विमलेश मिश्र | - | सदस्य |
| वडा अध्यक्ष श्री महेन्द्र साह | - | सदस्य |
| वडा अध्यक्ष श्री सुरेश झा | - | सदस्य |
| वडा अध्यक्ष श्री दिनेश सिंह | - | सदस्य |
| वडा अध्यक्ष श्री पुण्य प्रताप यादव | - | सदस्य |
| का.ई. श्री गिरेन्द्र कु.था. १ ~~लेखा प्रमुख श्री दिनेश चौधरी~~ | - | सदस्य सचिव |

(ग) **सवारी मार्ग तथा कार्यक्रम स्थल विशेष सरसफाइ व्यवस्थापन उपसमितिः**

| | | |
|---|---|---|
| वडा अध्यक्ष श्री निरज कुमार साह | - | संयोजक |
| वडा अध्यक्ष श्री राज नारायण साह | - | सदस्य |
| वडा अध्यक्ष श्री दिनेश प्रसाद साह | - | सदस्य |
| वडा अध्यक्ष श्री उपेन्द्र सहनी | - | सदस्य |
| सरसफाइ शाखा प्रमुख श्री श्याम ठाकुर | - | सदस्य सचिव |

(घ) **लजिस्टिक खाना खाजा व्यवस्थापन उपसमितिः**

| | | |
|---|---|---|
| वडा अध्यक्ष श्री रामचन्द्र पजियार | - | संयोजक |
| वडा अध्यक्ष श्री संतोष साह | - | सदस्य |
| वडा अध्यक्ष श्री मिथिलेश कर्ण | - | सदस्य |
| वडा अध्यक्ष श्री दिपेन्द्र साह | - | सदस्य |
| वडा अध्यक्ष श्री रामवृक्ष यादव | - | सदस्य |
| वडा अध्यक्ष श्री बेचन साह | - | सदस्य |
| जिन्सी शाखा प्रमुख श्री गणेश प्रसाद यादव | - | सदस्य सचिव |

(ङ) **स्वागत तथा प्रचार प्रसार व्यवस्थापन उपसमितिः**

| | | |
|---|---|---|
| नगर कार्यपालिका सदस्य श्री राकेश विक्रम साह | - | संयोजक |
| नगर कार्यपालिका सदस्य श्री संतोष महतो | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्री दिपेन्द्र साह | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्रीमती फुलकुमारी देवी | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्रीमती शैल कुमारी चौधरी | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्रीमती शारदा पन्त | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्रीमती मनिषा कुमारी देवी | - | सदस्य |
| नगर कार्यपालिका सदस्य श्रीमती सन्जु देवी दास | - | सदस्य |

राजस्व शाखा प्रमुख श्री परमेश्वर कुमार झा - सदस्य सचिव

२. सम्माननीय राष्ट्रपतिज्यूद्वारा मधेश प्रदेशको राजधानी जनकपुरधाम उप-महानगरपालिका स्थित माता जानकी मन्दिरको दर्शन तथा पूजा अर्चनाका लागि हुने भ्रमण तथा नागरिक अभिनन्दन कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनमा लाग्ने सम्पूर्ण खर्चहरु यस उप-महानगरपालिकाको चालु आ.ब. २०८०।८१ को स्वीकृत बजेटको सम्बन्धित शीर्षकबाट खर्च लेख्ने गरी नगर कार्यपालिकाको कार्यालय, जनकपुरधामबाट व्यहोर्ने निर्णय गरिया ।

३. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ३६ मा रहेको घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था र सो कानूनमा थप संसोधन सहित जारी भएको मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०८० मिति २०८०।०४।१२ गते देखि लागू भएकोमा घरसारमा तयार भएका लिखतहरु प्रमाणित गराउनु पर्ने कानूनी व्यवस्था कार्यान्वयनमा एकरुपता ल्याउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(२) बमोजिम जनकपुरधाम उप-महानगरपालिकाको घरसारको लिखत प्रमाणित गर्ने सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

४. जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा मिति २०७९।०८।२९ गते सूचना प्रकाशन गरी विभिन्न पदहरुमा सेवा करारमा लिन सूचना प्रकाशन भई प्रक्रिया अघि बढाइएकोमा यस उप-महानगरपालिकाको अन्तर्वार्ता र सूचीकरण समितिको मिति २०८०।०५।१५ गतेको निर्णय र सोही मितिमा सूचना प्रकाशन गरी वि.नं. ४-१२/०७९-८० (वि.नं. ६ बाहेक) को पदहरुका लागि निर्धारित अन्तर्वार्ता परीक्षाहरु अर्को सूचना प्रकाशन नभए सम्मका लागि स्थगन गरिएकोमा छानबीन गर्ने निकाय वा अन्य कुनै अख्तियार प्राप्त निकायबाट सो पदपूर्ति प्रकिया रोक्न लेखी आएको अवस्था नरहेको, सो पदपूर्ति प्रक्रिया लामो समय अघि नबढ्दा यस उप-महानगरपालिकाको फोहर व्यवस्थापन, आपतकालीन सेवाहरुको संचालनका साथै अन्य अत्यावश्यकीय कार्यहरु गर्न सख्त बाधा पुगी रहेकोले स्थगन गरिएको उपर्युक्त सेवा करारको पदपूर्ति प्रक्रिया जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा अविलम्ब सुचारु गर्ने निर्णय गरियो। साथै, जनकपुरधाम उप-महानगरपालिकाको साबिकको प्रमुख प्रशासकीय अधिकृत समेत परिवर्तन भएको हुँदा जनकपुरधाम उप-महानगरपालिकाको कर्मचारी व्यवस्थापन गर्ने

सम्बन्धी कार्यविधि बमोजिम देहाय अनुसार अन्तर्वार्ता र सूचीकरण समिति पुनर्गठन गर्ने निर्णय गरियो:-

(क) प्रमुख प्रशासकीय अधिकृत श्री सुमन कुमार कार्की - संयोजक

(ख) अधिकृत सातौं श्री गणेश प्रसाद यादव - विज्ञ सदस्य

(ग) श्री राम कृपाल यादव,

प्रमुख, मानव संशाधन तथा क.प्र. शाखा प्रमुख - सदस्य सचिव

उक्त समितिलाई कानूनी विषयमा सहयोग पुर्याउन यस कार्यालयको कानूनी सल्लाहकार श्री सुदिप कोइरालालाई तोक्ने र सो समितिले आफ्नो काम यथाशीघ्र सम्पन्न गर्न आवश्यकता अनुसार अन्य कर्मचारीहरुको सहयोग लिन सक्ने निर्णय समेत गरियो।

५. जनकपुरधाम उप-महानगरपालिकाको नगर कार्यपालिकाको मिति २०७९।०७।०१ गतेको निर्णय नं. १०(क) बाट यस उपमहानगरपालिका क्षेत्र भित्र सरसफाइ तथा आसन्न चाड पर्वलाई लक्षित गर्नुका साथै सरसफाइको कर्मचारीको कमीका कारण समेत जनाई यस कार्यालयको स्वीकृत दरबन्दी तेरिज अनुसार कर्मचारी व्यवस्थापन नहुन्जेल सम्मका लागि गोपाल झा (सवारी चालक), सुनिल दास तत्मा (सवारी चालक), विजय बहादुर राउत (सवारी चालक), मनिष कुमार मंडल (सवारी चालक), परशुराम महतो (सवारी चालक), शिव कुमार झा (चौकीदार), अशोक कुमार झा (सवारी चालक), सुमन श्रेष्ठ (चौकीदार), ईश्वर मुखिया (सवारी चालक), संतोष साह (सवारी चालक), गोविन्द झा (सवारी चालक), धिरेन्द्र लामा (सवारी चालक), संतोष मंडल (सवारी चालक), राम सुन्दर यादव (सवारी चालक) लाई ज्यालादारीमा लटाउने निर्णय हुनुका साथै नगर कार्यपालिकाको मिति २०७९।०२।२१ गतेको निर्णय नं. १६ को आधारमा जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०७९।०४।०१ गतेको टिप्पणी निर्णयबाट बद्री नारायण यादव (कम्प्युटर अपरेटर), विमल प्रसाद साह (कम्प्युटर अपरेटर), सोनियादेवी तत्मा (भान्से) र उज्जवल प्रसाद देवकोटा (कुर्सीकार) लाई दैनिक ज्यालादारीमा कामकाजमा लाउने निर्णय भई उनीहरुले निरन्तररुपमा कामकाज गर्दै आएको र निजहरको ज्याला समेत सो कार्यालयबाट भुक्तानी हुँदै आएकोमा हाल

सेवा करारमा लिने गरी पदपूर्तिको विज्ञापन प्रकाशन भई सो बमोजिम आवश्यक जनशक्ति सेवा करारमा लिने कार्य टुंगी नसकेको र सो नभए सम्म माथि उल्लेखित व्यक्तिहरुलाई काममा नलगाउँदा यस उपमहानगरपालिकाको फोहर व्यवस्थापन, सो कार्यमा प्रयोग हुने सवारी साधनहरुको संचालन एवं अन्य अत्यावश्यक एवं प्रशासनिक सेवा प्रवाह अवरुद्ध हुने अवस्था रहेकोले उपर्युक्त सेवा करारमा कर्मचारी व्यवस्थापन नहुञ्जेल निजहरु गोपाल झा (सवारी चालक), सुनिल दास तत्मा (सवारी चालक), विजय बहादुर राउत (सवारी चालक), मनिष कुमार मंडल (सवारी चालक), परशुराम महतो (सवारी चालक), शिव कुमार झा (चौकीदार), अशोक कुमार झा (सवारी चालक), सुमन श्रेष्ठ (चौकीदार), ईश्वर मुखिया (सवारी चालक), संतोष साह (सवारी चालक), गोविन्द झा (सवारी चालक), धिरेन्द्र लामा (सवारी चालक), संतोष मंडल (सवारी चालक), राम सुन्दर यादव (सवारी चालक), बद्री नारायण यादव (कम्प्युटर अपरेटर), विमल प्रसाद साह (कम्प्युटर अपरेटर), सोनियादेवी तत्मा (भान्से) र उज्जवल प्रसाद देवकोटा (कुचीकार) लाई स्वीकृत जिल्ला दररेट बमोजिम मिति २०८० साल श्रावण महिना देखि नै लागू हुने गरी साबिक बमोजिम कामकाज गर्ने गरी दैनिक ज्यालामा काममा लगाउने र महाशाखा/शाखा प्रमुखले सिफारिस गरेको डोर हाजिरी फारमको आधारमा निजहरुको मासिक ज्याला गणना गरी भुक्तानी गर्ने निर्णय गरियो।

६. श्री ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना, आर्थिक करिडोर कार्यालय, बर्दीबास, महोत्तरीको मिति २०८०।०५।२१ गते प्रकाशित सूचना अनुसार यस उप-महानगरपालिकाको स्वामित्वमा रहेको साबिक मानसिंहपट्टी वडा नं. ५, हाल जनकपुरधाम उप-महानगरपालिका वडा नं. १७ सरस्वती बजार स्थित नक्सा सिट नं. ५, कित्ता नं. ५१, क्षेत्रफल ११ कठ्ठा १८ धुर जग्गामा कृषि तथा पशुपन्क्षी सेवा केन्द्र निर्माण गर्न सहमति दिई आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो।

७. जनकपुरधाम उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा सवारी साधनको अभाव रहेको र सो कारणले गर्दा कार्यालयको सहज दैनिक कार्य संचालन तथा सेवा प्रवाहका साथै फिल्ड अनुगमन समेतको काममा बाधा पुगी रहेको हुँदा अर्को व्यवस्था नभए सम्म बढीमा २ वटा चार पांग्रे सवारी साधन भाडामा लिई कार्यालयको प्रयोगमा ल्याउने निर्णय गरियो।